# मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

मिति : २०८०।०२।१४

**प्रेस विज्ञप्ति**

## नेपाल सरकारद्वारा नेपाल विद्युत् प्राधिकरणको अनुरोध अनुरूप एमसीसी कम्प्याक्टमा थप कार्य समावेश

काठमाडौं । नेपाल सरकारले नेपाल विद्युत् प्राधिकरणको अनुरोध अनुरूप एमसीसी कम्प्याक्टको विद्युत् प्रसारण आयोजनामा थप कार्य समावेश गर्ने निर्णय गरेको छ ।

उक्त थप कार्यका लागि आवश्यक पर्नसक्ने ६.७० करोड अमेरिकी डलर बराबरको अनुमानित थप बजेट कम्प्याक्टको मूल बजेटबाटै खर्च गरिनेछ र उक्त मूल बजेटको पूर्ण उपयोगपछि नपुगेको रकम नेपाल विद्युत् प्राधिकरणले बेहोर्नेछ ।

हाल यसलाई कम्प्याक्टका लागि नेपाल सरकारको योगदानका रूपमा लिइएको छ र कार्यान्वयन पत्रमार्फत् कम्प्याक्टको सम्बन्धित अनुसूचीमा यससम्बन्धी परिमार्जन गरिएको छ ।

नेपाल-भारत सीमापार प्रसारण लाइन निर्माणका लागि अपर्याप्त हुने अनुमानित खर्चका लागि परिमार्जित बजेटको व्यवस्था गरी अनुसूची परिमार्जन गरिएको छ भने नेपाल विद्युत् प्राधिकरणको वर्तमान तथा भावी आवश्यकतालाई ध्यानमा राखी तीन वटा सबस्टेशनमा थप बेज् जडान गरिने उल्लेख पनि परिमार्जित अनुसूचीमा गरिएको छ ।

यसैगरी सडक मर्मत आयोजनाको कार्यमा पनि केही परिवर्तन गरिएको छ तर यसले सडक मर्मतसम्बन्धी समग्र कार्यको बजेटमा कुनै प्रभाव पर्ने छैन ।



लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति कम्प्लेक्स, दरवार मार्ग, काठमाडौं, नेपाल
+९७७-०१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org